# बुढीनन्दा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## कोल्टी, बाजुरा

## आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम

मितिः २०८२/०३/१०

बुढीनन्दा नगरपालिका

२०८२

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिकाको दोस्रो नगरसभा तथा ११औं नगर अधिवेशनमा उपस्थित
नगरपालिकाका उप-प्रमुख ज्यू,
उपस्थित सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु,

बुढीनन्दा नगरपालिकाको गरिमामय दोस्रो नगरसभा तथा ११ औं नगर अधिवेशनमा सभाध्यक्षको हैसियतले बुढीनन्दा नगर सरकारको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम चौंथो पटक प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । मुलुकमा विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन,सशस्त्र संघर्ष र विभिन्न राजनैतिक आन्दोलनहरुमा देशको राष्ट्रियता,सार्वभौम सत्ता, अखण्डता, राष्ट्रिय स्वाभिमान, प्रजातन्त्र र आम सरोकारका बिषयहरु उठान गर्ने क्रममा आफ्नो जीवनको बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहीदहरुप्रति उच्च सम्मानका साथ श्रद्धासुमन प्रकट गर्दछु ।

नगरको समग्र विकासका लागि सबै पक्षहरुको राय, सुझाव तथा सल्लाह अनुसार जनताका आधारभूत माग सम्बोधन गर्न स्थानीय सरकारवाट जनतालाई सरकार भएको आभाष दिलाउन भूगोल, ईतिहास, आस्था र सबैखाले संस्कृति सहितको समुदायहरुलाई न्याय र समानता सहितको न्यायोचित व्यवहार हुने छ भन्ने विश्वास दिलाउन चाहन्छु । देशका विद्यमान कानुनहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ लगायत स्थानीय सरकारका सरोकारका विषयगत ऐन, नियमावली र मापदण्डहरु र नगरवासीहरुसँग प्रत्यक्ष जोडिएका सरोकारका विषयहरुलाई केन्द्रबिन्दुमा राखी आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

नगरवासीहरुले विकासको अनुभूति गर्ने गरी स्थानीय सरकारले सञ्चालन गर्ने कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरु सबैको सहज पहुँच, सुशासनमुखी, जनउत्तरदायी र पारदर्शीताको विषयहरुलाई सहकारी र निजीक्षेत्रसंगको सहकार्यमा सञ्चालनहुने, गरिने कार्यक्रमहरुको नीति अनुरुप सफल कार्यान्वयन गर्न सबै क्षेत्रसंग सह-अस्तित्वको अवधारणा अनुरुप कामलाई अगाडि बढाइने छ ।यस सम्मानित सभामा विभिन्न क्षेत्रगत रुपमा अवलम्बन गरिएका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**१. शिक्षा,यूवा खेलकुद सम्वन्धी नीतिः**

१. स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको व्यवस्थित रुपमा कार्यान्वयन गरिने छ ।
२. सामुदायिक विद्यालय सुधार अभियान साविसु कार्यक्रमलाई व्यापक र प्रभावकारी बनाउनु का साथै शिक्षामा गुणस्तरियता तथा व्यावसायिकता अभिबृद्धि गर्नका लागि दिर्घकालिन, मध्यकालिन र अल्पकालिन शैक्षिक योजना निर्माण गरि कार्यान्वयन गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

३. विगत देखि प्रदान गर्दै आएको माध्यामिक तह कक्षा ११/१२ को निःशुल्क शिक्षा साथै उपचारात्मक कक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु ।
४. शिक्षकको क्षमता अभिबृद्धि, शिक्षण शैलीमा नवप्रवर्तन र डिजिटल शिक्षा सम्बन्धी अर्धबार्षिक र बार्षिक गरी दुई पटक शिविर सञ्चालन गरिने छ ।
५. नगरपालिका भित्रकाको परीक्षा प्रणाली लाई स्तरीयता कायम गरी एकरुपता ल्याउन कक्षा ५ र ८ मा नगर स्तरीय परीक्षा सञ्चालन गर्ने तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई निरन्तरता दिईने छ।
६. जनप्रकाश मा.वि. कोल्टीमा सब इन्जिनियरिङ शिक्षा र बाँधु मा.वि.मा कृषि प्राविधिक शिक्षा व्यवस्थित गरी पठनपाठन कार्यलाई सञ्चालन गर्न आवश्यक पहल गरिनुका साथै जनप्रकाश मा.वि. थप स्तरोन्नोती गर्नका लागी आवश्यक समन्वय र पहल गरिने छ ।
७. उत्कृष्ट सामुदायिक विद्यालय, उत्कृष्ट प्रधानाध्यापक, उत्कृष्ट शिक्षक र उत्कृष्ट विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई प्रत्येक शैक्षिक सत्रको अन्त्यमा सम्मान तथा पुरस्कारको व्यवस्था गरिने छ।
८. पालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक सुधार र सुशासनको लागि त्रैमासिक रुपमा अनुगमन गरी पालिकामा सामुदायिक विद्यालयहरुको शिक्षक हाजिरी रुजु गर्न डिजिटल हाजिरीको दायरामा ल्याईने छ।
९. नगरपालिका स्तरमा विद्यार्थीहरुको सृजनात्मक कलाको अभिवृद्धि गर्न नगरस्तरमा नृत्य, गीत, संगीत र खेलकुद सम्वन्धी कक्षाहरुलाई प्रभावकारी रुपमा सञ्चालन गरिनुका साथै उत्कृष्ट विद्यार्थीहरुलाई राष्ट्रिय तथा क्षेत्रीय प्रतियोगितामा सहभागी गर्न आवश्यक सहयोग प्रदान कार्यक्रमलाई निरन्तरता दिईने छ।
१०. चिन्ता र चासो भविष्यको बाटो भन्ने मुल नाराका साथ कक्षा १२ को परीक्षा सकेर बसेका विद्यार्थीहरुलाई करिअर काउन्सेलिङ कार्यक्रम संचालन गरिने छ ।
११. प्रत्येक शैक्षिक सत्रमा प्राविधिक उच्च शिक्षा (ईन्जिनियरिङ, कृषि, मेडिकल, वन आदि) मा अध्ययनको लागि सामुदायिक विद्यालय अध्ययन गरेका महिला हलिया, खलिया भोटेजनजाति, मुस्लिम, द्वन्द पीडित विद्यार्थीलाइ आ.व.२०८२/०८३ मा पनि नगर भित्रका बीस जना विद्यार्थीहरुलाई नगर प्रमुख छात्रवृत्ति प्रदान कार्यक्रमलाई निरन्तरता दिइने छ ।
१२. अनाथ तथा अति विपन्न परिवारका वालवालिकाहरुको शिक्षा पहुँचलाई मध्यनजर गर्दै नगरपालिकाले आवासीय विद्यालय घोषण गरेको सिद्धेश्वरी आधारभूत विद्यालयको लागि सोह्र कोठे भवन निर्माण गरिनेछ।
१३. सामुदायिक विद्यालयको विद्यालय प्रशासन र शैक्षिक गुणस्तर कायम गर्न प्रधानाध्यापक र नगरपालिकाबीच एक वर्षको कार्यसम्पादन करार गर्ने र प्रधानाध्यापकले आ-आफ्नो विद्यालयका प्रत्येक शिक्षकहरुसँग कार्यसम्पादन सम्झौता गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

१४. आवश्यकताको आधारमा विद्यालयहरुमा भवन, घेरबार, शौचालय, खानेपानी, विज्ञान प्रयोगशालाला, आइ.सि.टी. प्रयोगशाला, फर्निचर आदि भौतिक पूर्वाधार एवम् शैक्षिक सामाग्री व्यवस्थापनका लागि पहल गरिने छ ।

१५. आवश्यकता र कार्यक्षमताको आधारमा प्रधानाध्यापकको हेरफेर गरी विद्यालयहरुको प्रभावकारी नियमन गरिने छ ।

१६. **असल अभ्यास अनुसरण कार्यक्रम** अन्तर्गत अन्तरपालिकाका नमुना सामुदायिक विद्यालयमा शिक्षक, वि.व्य.स. अध्यक्ष र वडा अध्यक्षलाई अवलोकनको व्यवस्था गरिने छ ।

१७. माध्यामिक शिक्षा पश्चात उच्च शिक्षा, उद्यमशीलता, लोकसेवा आयोग र शिक्षक सेवा आयोग र नेपाल प्रहरी नेपाली सेना सेवा प्रवेश प्रति आकर्षित गर्न र सफलता प्राप्त गर्न आवश्यक कक्षाहरु संचालन गर्न पहल गरिने छ ।

१८. नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम अन्तर्गत **शिक्षा मात्र होईन सीप पनि आवश्यक** कार्यक्रम संचालन गरिने छ ।

१९. माध्यामिक विद्यालयहरुमा सिनियर तथा जुनियर रेडक्रस सोसाइटीको गठन गरिनुका साथै **Boys and Girls Scout Troop** तालिम सञ्चालन गरिने छ ।

२०. सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि आवश्यक कार्यक्रम तय गरिने छ।

२१. सामुदायिक विद्यालय बाट उत्कृष्ट विद्यालय छनौट गरि शिक्षकलाई सम्मान विद्यार्थीलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

२२. पालिका भित्रका माध्यामिक तहका सामुदायिक विद्यालयमा पछिल्लो समयमा विद्यार्थीको संलग्नतामा नकरात्मक गतिविधि किशोर किशोरीहरुमा आउने विचलन वाल विवाह आत्महत्या चिन्ताजन्य जोखिमहरु न्यूनिकरण गर्न मानसिक स्वास्यमा लगानी सनिश्चित भविष्यको थालनी भन्ने भनाईलाई विद्यालय स्तरमा मेन्टल हेल्थ सम्बन्धि कक्षा मानोसामाजिक मनोविमर्शकर्ता द्धारा प्रदान गरिने छ ।

२३. पालिका भित्रका बालविकास केन्द्र (ECD) कक्षा अंक र अक्षर चिन्न सक्नेगरी स्थानीय पाठ्यक्रमको तयार गरि कार्यन्वयनमा ल्याईने छ साथै (ECD) सहजकर्तालाई बालमनोविज्ञान सम्बन्धि तालिम प्रदान गरिने छ ।

२४. सामुदायिक विद्यालय मध्ये बाट नगर स्तरिय बार्षिक परिक्षामा उत्कृष्ट अंक तथा प्रतिशत ल्याउने कक्षा ५/८ र १० का २/२ जना छात्रा/छात्र लाई सम्मान स्वरुप **हाम्रो नगर टपर आईकन** कार्यक्रममा ल्याईने छ ।

२५. नगर स्तरिय बहुउद्देशिय खेल मैदानको लागि सम्भाव्यता अध्ययन गरि निर्माणको लागि प्रदेश र संघ सरकारमा आवश्यक पहल गरिने छ । पालिका परिसरमा बहुउद्देशिय कबर्ड हलको व्यवस्था गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

२६. प्रत्येक विद्यालयहरुमा योग शिक्षाका कार्यक्रमहरु संचालन गरीने व्यवस्था मिलाईने छ ।

२७. बुढीनन्दा नगरपालिका वडा नं. ९ मा रहेको श्री सिदेश्वरी अनाथ, विपन्न तथा जनजाती आवासीय विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको खाद्यन्नमा हुन आउने खर्च पुर्णरुपमा पालिकाबाट व्यवस्थापन गरिने छ ।

२८. यस बुढीनन्दा नगरपालिका भित्रका माध्यामिक तहका विद्यालयमा पहिलो चरणमा पढ्दै कमाउदै कार्यक्रमको सुरुवात गरिनेछ ।

## २. स्वास्थ्य सम्वन्धी नीतिः

१. यस नगरको प्राथमिकतामा रहेको आधारभूत स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्द्धनात्मक सेवा, उपचारात्मक सेवा, पूनर्स्थापनात्मक र प्रसामक सेवा सहित सरसफाइ सम्बन्धी निर्माण गरिएका स्वास्थ्य ऐन, स्वास्थ्य नीति, कार्यविधि, मापदण्ड र निर्देशिकालाई सफल रुपमा कार्यान्वयन गरी समयानुकूल परिमार्जन गरी लागु गरिने छ ।

२. बुढीनन्दा नगरपालिकाको केन्द्र कोल्टी (GEI) को सहकार्यमा २५ शैया अस्पताल निर्माण कार्य सुरु गरिनेछ ।

३. सेवाग्राही, सेवाप्रदायक र व्यवस्थापकको सन्तुष्टीको मापन गरी गुणस्तरीय स्वास्थ्य सेवामा सवै नगरबासीको पहुँच सुनिश्चित गर्न **स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड, २०७५** बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गरिने छ ।

४. आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने निशुल्क औषधिहरुको नियमित उपलब्धतालाई सुनिश्चित गरिने छ । स्वास्थ्य संस्थाहरु तथा वर्थिङ सेन्टरहरुको औजार उपकरणको व्यवस्थापनको लागि संघ, प्रदेश तथा अन्य सरोकारवाला निकायसंग समेत समन्वय गरीनेछ ।

५. स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र रहेको निःशुल्क आधारभूत स्वास्थ्य सेवाले समेट्न नसकेका स्वास्थ्य सेवाहरुलाई स्वास्थ्य बीमा मार्फत सम्बोधन गर्ने व्यवस्था मिलाइनेछ ।

६. नगरबासीको स्वास्थ्यमा हुने उपचार खर्च कम गर्न **"स्वास्थ्य बिमा नगरको जिम्मा"** कार्यक्रम अन्तर्गत स्वास्थ्य विमाको पहुचँमा बृद्धि गर्न नगरका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई अनिवार्य स्वास्थ्य बिमामा आवद्ध गरिनेछ र विपन्न नागरिकहरुको स्वास्थ्य बिमाको लागि नगरपालिकाको तर्फबाट विमित गर्ने व्यवस्था मिलाई स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा लागु गरिने छ ।

७. दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको एम्बुलेन्स तथा हवाइ मार्ग मार्फत उद्धार तथा प्रेषण गरी प्रसुति कार्यलाई थप सुरक्षित, व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

८. " इच्छाइएको गर्भ सुरक्षित तथा स्वस्थ गर्भ भन्ने मुल नाराका "साथ हरेक गर्भलाई परिवार तथा समाजमा उत्सवको रुपमा स्थापित गराउन सामाजिक परिचालन गरिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

९. सुत्केरी हुनु पूर्व र सुत्केरी भए पश्चात महिला तथा शिशुलाई हुन सक्ने जटिलता लाई ध्यानमा राखी प्रसुति केन्द्रहरुमा २४ घण्टा बस्नका लागि सुत्केरी र एक जना कुरुवाको खाना खर्चको सोधभर्ना गरिने छ । साथै सुत्केरीका चाप धेरै भएका स्वास्थ्य संस्थाहरुमा प्रसुति कुरुवा घरको स्थापनाका लागि पहल गरिनेछ ।

१०. गर्भवती महिलाहरुको लागि नियमित प्रदान गर्दै आईरहेको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई सवै वडाहरुमा विस्तार गरिनेछ। पाण्डुसैन स्वास्थ्य चौकीबाट गर्भवती महिलाहरुको लागि नियमित भिडियो एक्सरे सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

११. नगरपालिकाको नवजातशिशु मृत्युदर, शिशु मृत्युदर, मातृमृत्युदर कम गर्न पूर्ण गर्भवति जाँच एंव पूर्ण संस्थागत सुत्केरी जस्ता अभियान लागु गरिने छ ।

१२. **"स्वस्थ व्यक्ति, स्वस्थ घर, स्वस्थ गाँउ तथा स्वस्थ नगर"** कायम गर्न समुदाय र टोलस्तरमा स्वास्थ्य संग सम्बन्धित जनचेतनामुलक क्रियाकलापहरु सञ्चालन गरिने छ ।

१३. अशक्त, असहाय र ज्येष्ठ नागरिकलाई घरदैलोमै निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१४. **"पोषणमैत्री शासनयुक्त नगर "**को सुरुवात गरी सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको समन्वयमा पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ ।

१५. स्वास्थ्य संस्थाको मासिक प्रगति प्रतिवेदन अनलाइन प्रविष्टि गर्नको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने इन्टरनेट जडान गरिनेछ । स्वास्थ्य संथाहरुलाई इन्टरनेटको पहुँचमा ल्याई वडा स्तरमा नियमित चिकित्सकीय सेवा प्रवाह गर्न स्मार्ट हेल्थ ग्लोवल कार्यक्रम अन्तर्गतको टेलिकन्सल्टेसन कार्यक्रमलाई निरन्तरता दिदै क्रमशः सबै स्वास्थ्य संस्थामा विस्तार गर्न पहल गरिनेछ ।

१६. कोल्टी आधारभूत अस्पतालबाट नियमित प्रदान गरिदै आएका सेवालाई व्यवस्थित गर्न इलेक्ट्रोनिक हेल्थ रजिष्ट्रि प्रणालीको विकास गर्दै सम्पूर्ण सेवाहरुलाई डिजिटलाइज गर्दै लगिनेछ ।

१७. PLHIV हरूको उपचारलाई व्यवस्थित गर्नका लागि कोल्टी आधारभुत अस्पतालमा **ART Center** को स्थापना, सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

१८. बिद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई ध्यानमा राख्दै विद्यालयमा लागु औषध दुर्व्यसन सचेतना कार्यक्रम र विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्यन गर्ने व्यवस्था मिलाइनेछ । विद्यार्थीहरुको अर्धवार्षिक स्वास्थ्य जाँचको समेत व्यवस्था मिलाइने छ ।

१९. किशोर किशोरीहरुसँग प्रजनन् स्वास्थ्य सम्बन्धी स्वास्थ्यकर्मीहरुको अन्तरक्रिया नियमित गरिनेछ र सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री बनाइने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा, नेपाल

२०. सुर्तिजन्य पदार्थको नियमन गर्न  ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वियन गरिने छ, साथै यसका लागि बजार अनुगमनलाई नियमित र प्रभावकारी गरिने छ ।

२१. घरायसी तथा समुदायजन्य फोहरमैला व्यवस्थापन तथा वातावरणीय सरसफाइलाई प्रवर्धन गर्न समन्वय तथा पैरवी गरिनेछ ।

२२. महामारी जिन्य रोगहरुको पूर्व तयारी तथा विपद व्यवस्थापनको लागि स्वास्थ्यकर्मीहरुको आर. आर. टि. (Rapid Response Team) लाई तयारी अवस्थामा राखिने छ। साथै उक्त कार्यको लागि आवश्यक औषधि तथा स्वास्थ्य सम्वन्धी सामाग्रीहरु तयारी अवस्थामा राखिनेछ ।

२३. स्वास्थ्य सेवाहरु समयानुकूल प्रभाव पार्ने रोगहरुको रोकथाम तथा व्यवस्थापनको लागि एफ.एम. रेडियो पत्रपत्रिकाहरुमा सन्देश प्रवाह गरिनेछ ।

२४. व्यक्ति, परिवार र समाजको जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्ने उद्देश्यले नसर्ने रोगको प्रकोपको न्यूनीकरण गर्नका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ साथै यसको लागि निदानात्मक सेवा र उपचारात्मक सेवालाई अभियानको रुपमा विस्तार गरिनेछ ।

२५. संघ तथा प्रदेश स्वास्थ्य निकायसँग समन्वय गरी वर्षमा एक पटक स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरिनेछ । सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा परिवार नियोजनका पाँच वटा अस्थायी साधनको नियमित उपलब्धताको सुनिश्चित गरिनेछ ।

२६. टोल तथा वस्तीस्तरमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरु र स्वास्थ्य आमा समूहको कार्यलाई प्रभावकारी बनाइनुका साथै महिला स्वास्थ्य स्वयंसेविकाहरुको स्वयंसेवालाई प्रोत्साहन गरिनेछ ।

२७. नगरबासीलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पुर्याउन
टेलिमेडिसिन सेवा प्रदान गरिने छ।

२८. नगरपालिकाको **Health Profile** निर्माण गरी स्वास्थ्यको समग्र वस्तुस्थितीको समिक्षा गरी आवश्यक नीति तथा कार्यक्रम अवलम्बन गरिनेछ ।

२९. पालिका भित्रका १० वटै वडामा सुत्केरी आमाहरु लाई दुग्धबर्धक औषधी सम्पूर्ण बर्थिङ सेन्टर मार्फत वितरणका साथै आमा आयूर्वेद स्वास्थ कार्यक्रम संचालन गरिनेछ ।

३०. नागरिकको मानसिक स्वास्थ्यमा सहयोग पुर्याउन तथा व्यवस्थित,गुणस्तरिय र शान्त वातावरणमा स्वास्थ्य सेवा प्रवाह गर्न कोल्टी आधारभुत अस्पताल बाट **(Mental Health Service)** मनोसामाजिक मनोविर्मशकर्ताको सहायता द्रारा प्रदान गर्ने व्यवस्था मिलाइने छ।

३१. बुढीनन्दा नगरपालिकामा सामान्य स्वास्थ्य बारेमा जानकारी दिनका लागी "घर घरमा स्वास्थ्यकर्मि " अभियानलाई निरन्तरता दिइने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

३२. बाल मृत्युदर, मातृ मृत्युदर न्यूनीकरणका लागि मातृ तथा नवजातशिशु स्याहार एवं उपचार सेवाका लागि विशेष पहल गरिनेछ ।

३३. एक एक पाईला काठमाण्डौं संगको सहकार्य/साझेदारीमा बुढीनन्दा नगरपालिकामा बिषेशज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविर संचालन गरीने।

**३. कृषि तथा पशुसेवा सम्वन्धी नीति:**

१. वैदेशिक रोजगारीबाट फर्केका युवाहरु तथा वेरोजगार युवाहरुलाई कृषि तथा फलफुल व्यवसायमा आकर्षित गर्न **"स्याउ र ओखरको श्रृंखला बलियो, कृषिमा युवाको भविष्य उज्यालो"** भन्दै व्यवसायिक, उत्पादनमुलक, आयमूलक, आधुनिक र मर्यादित पेशाका रुपमा विकास गरिने छ ।

२. **"स्वदेशी अन्न हाम्रो सान, आत्मनिर्भर बुढीनन्दाको पहिचान"** भनेर पालिका स्तरमा स्थानीय अन्न, रैथाने बाली, स्थानिय सिमी, भाँगो बाट बनेका सामाग्रीहरु संकलन गरी पालिकाको केन्द्र कोल्टी बजारमा **"बुढीनन्दा कोशेली घर"** स्थापना गरी बजारीकरण गरीनेछ ।

३. पालिकाको वडा नं ३ को भुलेना र वडा नं ४ को कुरुमा कृषि सेवा केन्द्र र पशु सेवा केन्द्र विस्तार गरी सेवा प्रदान गरीने छ ।

४. जलबायू अनुकुलता लाई ध्यान दिदै खेति योग्य जमिन बाँजो नरहने गरि **"बाँजो बारी मै खन्छु, पालिका बाट पैसा मै गन्छु"** कार्यक्रम संचालन गरिने छ ।

५. जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गर्न पशुपंक्षी तथा वाली बिमा कार्यक्रम लागु गर्न आवश्यक प्रकृया अगाडी बढाइने छ ।

६. गाई, भैंसी, भेडा बाख्रा, बंगुर, माछा तथा कुखुरापालन अनुदान तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरि दुध, मासु र अण्डामा आत्म निर्भर बनाउने कार्यक्रमहरु लाई निरन्तरता दिएको छु ।

७. **"कृषकसँग नगर प्रमुख"** कार्यक्रमलाई निरन्तरता दिईने छ ।

८. किसानलाई पशु विमातर्फ प्रोत्साहित गर्दै पशुपंन्छी महामारी रोग विरुद्ध खोप तथा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरिने छ ।

९. सम्भावना भएका वडाहरुमा कृषि तथा पशुजन्य पकेट/ब्लक क्षेत्र स्थापना गर्न पहल गरिने छ ।

१०. यस पालिकामा च्याउ खेती व्यवसायको प्रचुर सम्भावना रहेकाले च्याउ खेती गरी आत्मनिर्भर बन्न चाहने नगरबासी कृषकलाई आवश्यक प्रोत्साहन गरिने छ ।

११. तेलहन वाली तथा ढटेलो संरक्षण गरि उत्पादन वढाई तेल उत्पादन र प्रसोधनमा कृषकहरुलाई प्रोत्साहन गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१२. पालिका संग साझेदारी गरी काम गर्दै आएका र साझेदारी गर्न आउने सहयोगी गैर सरकारी संस्था संग समन्वय तथा सहकार्य गरि उत्पादनमा आधारित यान्त्रिकरण अनुदान (कुटानी, पिसानी, प्रसोधन र प्याकेजिङ) गर्न विद्युतको प्रयोग प्रवर्द्धन कार्यक्रम गरिने छ ।

१३. खेताला तथा नोराला लाइ प्रदान गर्दै आएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिन आवश्यक मापदण्ड तयार गरी अगाडी बढाइनेछ ।

१४. पालिका भित्र उत्पादित कृषि उपज संकलन तथा बजारीकरणका लागि **"छिटो सेवा सस्तो उपचार, कृषि एम्बुलेन्स किसानको अधिकार"** भन्ने मुल नाराका साथ किसानको घरदैलोमा कृषि एम्बुलेन्स मार्फत बजारिकरणको गर्ने प्रबन्ध मिलाइने छ।

१५. रैथाने वाली संरक्षण, प्रबर्धन र बजारीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

१६. विभिन्न जंगली फलफूल ( मलयो , चुत्रो ,काफल , भक्कुणो ,घगारू , मेल ,पुडिनु/पुणिनु , गुल्फा ) तथा जंगली तरकारी/साग , जिम्बु /फरन , पदमचारो ,सत्व आदिलाई ड्राई फ्रयुट बनाई बजारमा बिक्री वितरण गर्नका लागि प्रारम्भिक अध्ययन गर्न पहल गरिने छ ।

१७. कृषकको खेतबारीको रोग किरा नियन्त्रण गर्न **बाली उपचार घुम्ती शिविर** कार्यक्रम सञ्चालन गरिने छ।

## ४. पूर्वाधार विकास सम्वन्धी नीतिः

१. बुढीनन्दा न.पा.वडा नं. १ को सिउँडेनीमा निर्माण गर्ने लागेको नेपाल टेलिकमको फोर्जी टावर निर्माण कार्य छिटो सम्पन्न गर्न पहल गरिने छ साथै संचालनमा रहेका फोर्जी टावरहरुको स्तरोन्नती गर्न पहल गरिने छ ।

२. बुढीनन्दा नगरपालिकालाई राष्ट्रिय प्रशारण लाइनमा जोड्नका लागि विद्युत प्राधिकरण संग आवश्यक सहकार्य गरी पालिकालाई आ.ब. २०८२/०८३ भित्र राष्ट्रिय प्रशारण लाइनमा जोडिने छ।

३. बुढीनन्दा नगरपालिकाको धौलीमा अतिथी गृह निर्माण गरी संचालनमा ल्याईने छ ।

४. रिरास परियोजनाको सहयोगमा पिलुचोर तथा जुड्डीको बिजुली बत्ती कोल्टी बजार सम्म जडान कार्य सम्पन्न गरी कोल्टी बजारमा बिजुली बत्तीको सहज उपलब्धता गरिनेछ

५. नेपालकै गौरबको मुगु कर्णाली जलविद्युत आयोजनाको मुख्य कार्यालय स्थापनाको लागी विशेष पहल गरनेछ।

६. आ.ब.२०८२/०८३ मा बुढीनन्दा नगरपालिका वडा नं ६ कोटीलाको वडा कार्यालय भवन निर्माणलाई पहिलो प्रथमिकता दिईनुका साथै अन्य ५ वटै क्रमशः वडा नं.२, ४, ५, ८ र ९ का वडा कार्यालय भवन निर्माण कार्यलाई तिब्रता साथ अगाडी बढाइने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

७. बुढीनन्दा नगरपालिका वडा नं. ४ को कुरु देखी घोडाकोट सम्म सडक बिस्तार गरी उक्त क्षेत्रलाई सडक संजालमा जोडीने छ।

८. नगरपालिका भित्रका सवै वडा तथा उत्पादन क्षेत्रलाई जोडिने गरि रिङरोड निर्माणको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

९. "**यातायात पूर्वाधार आर्थिक विकासको आधार** " भन्ने भनाईलाई आत्मसात गर्दै नगरपालिकामा रहेका सम्पूर्ण स्थानीय सडकहरुको स्तरोन्नति गरिने छ ।

१०. बुढीन्दा नगरपालिकाको केन्द्र रहेको कोल्टी स्थित २५ शैयाको अस्पताल निर्माण गर्न आवश्यक प्रकृया अगाडी बढाइने छ।

११. बुढीनन्दा नगरपालिका विभिन्न खोलावाट गैर कानूनि रुपमा संकलन/निकासी हुने ढुङ्गा, गिट्टी र वालुवालाई कानूनि रुपमा आवश्यक नीति बनाई करको दायरामा ल्याइने छ।

१२. बुढीन्दा नगरपालिका वडा नं २ को जनप्रकाश मा.वि.र वडा नं ४ को देबडाँडा मा.वि.मा यसै आ.ब.मा संरचनागत स्तरउन्नती गर्ने कार्य लाइ अगाडी बढाइने छ ।

१३. नगरपालिकाभित्र बन्ने नयाँ संरचना (भवन,घर) निर्माण गर्नुपुर्व नक्सा पास तथा अभिलेखिकरण गरेर मात्र संरचना बनाउने नीतिलाई आवश्यक प्रक्रियाका आधारमा लागु गरिने छ ।

१४. नदि तथा नदिजन्य पदार्थको उत्खनन, संकलन, प्रशोधन तथा बिक्रिका लागि आवश्यक निति बनाई लागु गरिने छ ।

१५. बुढीनन्दाको सिंचाइ समस्यालाइ समाधान गर्न कालागाढ सिंचाई आयोजनाको बाँकी रहेको कामलाई सम्पन्न गरी सञ्चालनमा ल्याईने छ ।

**५. उद्योग,वन पर्यटन तथा युवा रोजगारी:**

१. संघ र प्रदेश सरकार संगको सहकार्यमा घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गर्न नगरपालिकामा एक औद्योगिक क्षेत्र स्थापना गर्न आवश्यक प्रकृया सहित अगाडी बढाइने छ।

२. बुढीनन्दा नगरपालिका द्रारा संचालित नगर प्रमुख युवा रोजगार कार्यक्रम द्धारा आ.ब.२०८२/०८३ मा २०० जना लाइ प्रत्यक्ष रोजगार प्रदान गरिने छ ।

३. बुढीनन्दा नगरपालिकाको कोल्टीमा जडीबुटी प्रशोधन केन्द्र स्थपना गरी संचालनमा ल्याइने छ ।

४. बुढीनन्दा नगरपालिकाको कोल्टी बजारमा सपिङ्ग कम्पलेक्स स्थापना गरी संचालनमा ल्याईने छ ।

५. नगरमा संचालित उद्योग, व्यापार र सबै किसिमका व्यवसायलाई नियमन गरी करको दायरामा ल्याउन वडागत करदाता शिक्षा संचालन गरि अनलाईन दर्ता प्रणालिलाई व्यवस्थित गरिने छ।

६. "सीप यूक्त सहित स्वरोजगार, न्यूनिकरण यूवा बेरोजगार" रुची अनुसारको सीप सिक्ने र रोजगारीको बाटो निमार्ण गर्न आवश्यक सीप विकास तालिमको व्यवस्था गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

७. घरेलु तथा साना उद्योग सञ्चालन गर्न चाहने आन्तरिक तथा वाह्य लगानी कर्तालाई दर्ता शुल्क र नगरपालिकाले लिने सवै प्रकारका शुल्कहरुमा १ वर्षसम्म कर छुटलाई निरन्तरता दिईने छ ।

८. कोल्टी आयुर्बेद औषधालयको परिषर भित्र आयुर्बेद तथा जडीबुटी पर्यटन पार्क निर्माण गरिने छ ।

९. बुढीनन्दा नगरपालिकाको पर्यटकिय स्थलको रुपमा रहेको कालाजग्रा मन्दिर जान पोरखे देखी कालाजग्रा सम्म पर्यटकिय पदमार्ग निर्माणको कार्य आ.ब.२०८२/०८३ भित्र सम्पन्न गरिने छ ।

१०. बुढीनन्दा नगरपालिकाको कुरु देखी धौली सम्म पर्यटन पदमार्ग कार्य यसै आ.ब.२०८२/०८३ मा सम्पन्न गरनेछ ।

११. बुढीनन्दा नगरपालिकाको कोल्टी निर्माण सम्पन्न भएको कोल्ड स्टोर र हाटबजार लाई थप स्तरोन्नती गरी संचालनमा ल्याउने।

१२. साउनेगाउँ दखी मटेला जोड्ने झुलुङ्गे पुल निर्माण कार्य अगाडी बढाइने छ ।

१३. यस नगरपालिकामा पाईने स्थानीय कच्चा पदार्थलाई उपयोग गर्न ऊन, अल्लो भाँग्रो,कागज प्रशोधन  तथा विभिन्न सामाग्री उत्पादन गर्न उद्योग स्थापनाको लागि आवश्यक मापदण्ड तयार गरी अगाडी बढाइने छ ।

१४. बुढीनन्दा नगरपालिकामा उपलब्ध ऊन तथा अल्लो भाग्रोलाई प्रशोधन गर्न प्राविधिक युक्त प्रशोधन केन्द्रको विकास गर्न आवस्यक बजेटको व्यवस्था गरिने छ ।

१५. "<u>प्रमाणित सहितको सीपाधिकार, स्थानीय तहको दायित्त्व र नागरिकको अधिकार</u>" आनौपचारिक सीप लाई औपचारिक सीपको दायरामा ल्याउन नेपालको आधिकारिक सीप परिक्षण र मान्यता प्रदान गर्ने संस्था CTEVT बाट लेवल/तह परीक्षणको लागि समन्वय गरि सिप परीक्षणको व्यवस्था मिलाईने छ ।

१६. पोरखे देखी कालाजग्रा मन्दिर सम्म पर्यटकीय पदमार्ग यसै आर्थिक बर्षमा निर्माण  सम्पन्न गरिने र नुरीकाँद छाप्रे बुढीनन्दा पदमार्ग निर्माणको पहल गरिने छ।

१७. "एक वडा एक युवा व्यवसाय" कार्यक्रम सञ्चालन गर्न रोजगारमूलक तालिम र अनुदानको व्यवस्था गरिने छ ।

१८. "<u>परम्परागत व्यवसायको प्रवर्द्धन, समृद्ध बुढीनन्दाको आधार प्रदान</u>" काठ निगालो बाट ठेकी, डोको, सुपो, टोकरी, फलाम बाट बन्ने सामाग्री; अन्य दमाहा मादल सनाई ढोल जस्ता परम्परागत सीप तथा व्यवसायको संरक्षण प्रवर्द्धन गर्ने कार्यक्रमलाई विशेष प्राथमिकता दिईने छ ।

१९. "आफ्नो सिप आफ्नो गाउँ, यसै क्षेत्रको विकासको लागि पसिना बगाऔं" भनाईलाई आत्मसात गर्दै युवाहरुलाई स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिने छ ।

२०. "बुढीनन्दा जाऔं प्रकृति र सँस्कृति संग रमाऔं, कार्यक्रम सञ्चालन गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

२१. जडिबुटीको प्रचुर सम्भावना रहेको क्षेत्रबाट संकलित हुने जडिबुटीहरुलाई प्रशोधन गर्न **जडिबुटी प्रशोधन केन्द्र स्थापना** गर्न आवश्यक पहल गरिने छ ।

२२. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तरगत लागत साझेदारी मार्फत रोजगारी प्रवर्द्धन र प्रभावकारी कार्यन्वयन गरिने छ ।

२३. स्थानीय स्तरमा यूवा बेरोजगार न्यूनिकरणका निम्ति समस्या पहिचान गर्न र समाधानका लागि स्थानीय तहको नक्शाङ्कन तथा रोजगार रणनीति तयार गरिने छ।

२४. पालिका भित्र रहेका पर्यटकिय गन्तव्यहरुको पहिचान र प्रचार-प्रसार गरि पर्यटन प्रवर्द्धनका लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

## ६.सहकारी सम्वन्धी नीतिः

१. ऋण असुली हुन नसकी टाट पल्टेका, अन्य विविध कारणले सञ्चालनमा नरहेका वा निष्कृय रहेका सहकारी संस्थाको पुनर्जिवन, पुनर्गठन र नियमन गर्न सहकारी सम्बन्धी आवश्यक नीति बनाई सहकारी संस्था सुदृढिकरण अभियान संचालन गरीने छ ।

२. सञ्चालनमा रहेका सहकारी संस्थाहरुको क्षमता विकास तथा प्रभावकारी सञ्चालनको लागि नियमित ,अनुगमन, नियमन तालिम र **कोपोमिस** मा अनिवार्य आबद्धता गर्न सहकारी संस्था लाई आवश्यक परामर्श प्रदान गरिने छ ।

३. पालिकामा दर्ता भएका र पालिकाको वडाहरुमा कार्यक्षेत्र बनाई अन्य पालिकामा दर्ता भएका सहकारीहरुलाई अनिवार्य पालिकामा दर्ता/ अभिलेखिकरण गराई बार्षिक सेवा कर असुल गराईने छ ।

## ७. वन तथा वातावरण संरक्षण नीतिः

१. प्राकृतिक रुपमा रहेको जैतुनहरु लाई संरक्षित गरी बुढीनन्दा नगरपालिका वडा नं १,२ र ६ लाई जैतुन जोन घोषणा गर्न आवश्यक निती बनाई लागु गर्न पहल गरिने छ ।

२. डिभिजन वन कार्यालय, ईलाका वन कार्यालय संग समन्वय गरि नर्सरीको स्थापना ,गुणस्तरिय विरुवाहरु उत्पादन कार्य सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

३. नगरपालिका परिसर भित्रको खाली जमिनमा व्यवस्थित नमुना बगैंचा स्थापना गरी सुन्दर र हरियाली नगर परिसर निर्माण गरिनेछ।

४. बहूमुल्य जडिबुटी संरक्षण, चोरी निकासी नियन्त्रण तथा पैठारीमा आर्थिक ऐन अनुसार राजश्व संकलन गर्ने प्रबन्ध मिलाइने छ ।

५. **"सामुदायिक वन, नगरको धन"** अभियान संगै प्रचुर मात्रामा सम्भावना रहेका सामुदायिक बनमा जडिबुटी खेती लाई प्रोत्साहन गरिने छ।

६. हरियाली नगर बनाउन **"बिरुवा नगरको, बृक्षारोपण तपाईको"** अभियान लाई आत्मसात गर्दैं हरियाली बुढीनन्दा अभियान सञ्चालन गरीने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

७. पालिका भित्रका भएका बनक्षेत्रमा प्रयोग विहिन भई खेर गैरहेका काठ लाई व्यस्थापन र प्रयोगमा ल्याउन डिभिजन जिल्ला बन कार्यालय संगको समन्वयमा व्यवस्थापन गर्ने निती ल्याइ काम अगाडी बढाइने छ ।

८.खानेपानी तथा सरसफाई नीतिः

१. आधारभूत खानेपानी तथा सरसफाईको समस्या समाधानका लागि बुढीनन्दा नगरपालिकाको **"एक घर एक धारा"** अभियान लाइ साकार गर्न आवश्यक पहल गरिने छ ।
२. पालिका क्षेत्र भित्रका खानेपानी मुहानहरुको मुहान सुचिकरण गर्न आवश्यक नीति तथा संयन्त्र तयार गरि पालिका भरीका मुहान पहिचान गरि दर्ता गर्ने प्रक्रिया अगाडी बढाइने छ ।
३. **"भान्सा सुधारः आरोग्यताको आधार"** अभियानलाई निरन्तरता दिईने छ।
४. कुरु कोल्टी बृहत खानेपानीको निर्माण कार्य सम्पन्न गरी खानेपानीको सहज उपलब्धता प्रदान गरीनेछ ।
५. बुढीनन्दा नगरपालिकाको केन्द्र रहेको कोल्टी बजारको अव्यवस्थीत खानेपानी लाई व्यवस्थीत बनाइ खानेपानीको सहज उपलब्धता गराईने छ ।

९. सामाजिक तथा सास्कृतिक विकास नीतिः

१. नगर बासी युवाहरुको सहभागितामा नगरको त्रि-बर्षिय युवा रणनीतिक योजना तयार गर्न **"बुढीनन्दा युवा सम्मेलन २०८२"** कार्यक्रम संचालन गरिने छ ।
२. लागूऔषध तथा दुर्व्यसनी न्यूनीकरणका लागि सबै सरोकारवाला संग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।
३. यस पालिका भित्र बसोवास गर्ने दलित तथा सिमान्तकृत भोटे जनजातीहरुको समुदायको परम्परागत पेशा तथा सीपको संरक्षण गर्न सीप विकास तथा आयमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
४. गरिव तथा विपन्न समुदायका नागरिकका अतिरिक्त यस नगरपालिकामा बसोवास गरिरहेका हलिया/खलिया लक्षित समुदायका नागरिको क्षमता विकास, आयआर्जन र सीपमुलक तालिम सञ्चालन गरिने छ ।
५. नगरपालिकामा रहेका हलिया/खलियाको तथ्याङ्क संकलन गरी आवश्यक व्यवस्थापन गर्न पहल गरिने छ ।
६. पुरातात्विक धार्मिक महत्व बोकेका शिलालेख, अभिलेख, पाटी पौवा, कुवा, काँध/खाँध /भञ्याङ हरूको संरक्षण गर्न पहल गरिने छ।
७. आधारभूत खाद्य तथा पोषण सुधारका लागि सहयोगी निकायहरुको साझेदारीमा कार्यक्रम संचालन तथा योजना निर्माण गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

८. बुढीनन्दा नगरपालिका वडा नं. ४ को कुरुमा रहेको होमस्टेको स्तरोन्नती गरी बुढीनन्दा वडा नं. ९ र १० मा जनजाती होमस्टे निर्माण गरी संचालनमा ल्याइने छ ।

९. **"मेरो एक दिन बुढीनन्दाको समृद्धिका लागी"** कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

१०. प्रत्येक वडामा जेष्ठ नागरिक विश्राम केन्द्र निर्माण तथा सञ्चालन गर्न आवश्यक पहल गरिने छ ।

<u>१०. संस्थागत सुशासन तथा पारदर्शीता नीति:</u>

१. सेवा प्रवाहमा प्रभावकारीता अभिबृद्धि गर्न कार्यालयमा नियमितता, कर्तव्यनिष्ठता र कार्य जिम्मेवारीको मूल्यांकनका आधारमा कर्मचारीहरुलाई पुरस्कार तथा प्रोत्साहन प्रदान गरिनेछ ।

२. बुढीनन्दा नगरपालिका तथा अन्य ४ वटा पालिकालाइ लक्षित गरी बुढीनन्दा नगरपालिको केन्द्र कोल्टी बजारमा ईलाका प्रशासन,मालपोत र नापी कार्यालय स्थापनाको लागी बिशेष पहल गरिनेछ ।

३. पालिकामा कार्यरत सम्पुर्ण कर्मचारीहरु लाई सामाजिक सुरक्षा कोषमा समावेश गरि कार्यन्वयन गरिनेछ ।

४. सिकाई आदान प्रदान कार्यक्रम अनुसार अन्तर संस्था/अन्तर निकाय सँग कार्य अनुभव तथा ज्ञान परामर्श आदान प्रदान शिविर संचालन गरिने छ ।

५. राजस्वको दायरा बढाउन राजस्वको स्रोत पहिचान तथा आन्तरीक राजश्व प्रणालीलाई व्यवस्थित बनेको राजश्व तथा गैर राजश्व ऐन २०८० को पूर्ण रुपमा कार्यान्वयन गरिने छ ।

६. सबै वडा कार्यालयमा संकलन हुने विद्युतीय राजस्व प्रणालीलाई व्यवस्थित बनाईने छ ।

७. सस्थागत करदाताहरुको अनलाईन अभिलेखिकरण गर्न वडागत करदाता शिक्षा सञ्चालन गरिने छ ।

८. राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धि कार्यक्रम सञ्चालन गरिने छ।

९. संघ, प्रदेश तथा अन्तरपालिकाहरु संघै सहयोगी निकायहरुसंगको सहकार्यमा सञ्चालन हुने सबै खाले अभियान, विभिन्न शिविरहरु लगायत कार्यहरुमा समन्वय सहकार्य गरी सामाजिक सेवा प्रदान गरिने छ ।

१०. विकासका सबै खाले योजनाहरुको अनुगमन मूल्यांकन गर्ने परिपाटीलाई चुस्त दुरुस्त गर्न र गुणस्तरीय कामको सुनिश्चितताका लागि आवश्यक योजना बनाई कार्य थालनी गरीनुका साथै ३० लाख भन्दा माथिका आयोजना/योजनाहरु ईविडीङ्ग बाट लिईने कार्यक्रमलाई यस वर्ष पनि निरन्तता दिईने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

११. न्यायिक निकायहरुसंगको समन्वय र सम्बन्ध विस्तार गरि स्थानीय न्यायिक समितिलाई थप मजबुत बनाउन न्यायिक क्षमता विकास र संस्थागत सुदृढीकरणका कार्यहरुलाई जोड दिईने छ ।

१२. न्यायिक सिकाई आदान प्रदानका लागि बाजुरा जिल्ला स्तरिय प्रथम न्यायिक सम्मेलन सञ्चालन गरिने छ ।

१३. खादालाई निरुत्साहित गर्दै फुलको माला र गुच्चालाई प्रोत्साहन कार्यक्रमलाई यो बर्ष पनि निरन्तरता दिईने छ ।

१४. गैर सरकारी निकायहरुसंग समन्वय र सहकार्य गर्नका लागि गैरसरकारी संस्था समन्वय संयन्त्र बनाई एकद्धार प्राणाली बाट कार्य संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१५. गैर सरकारी संस्था र पालिका बाट सञ्चालन हुने कार्यक्रमहरुको नदोहोरिने गरी एकद्धार प्रणाली बाट कार्यक्रम सञ्चालन गरिने छ ।

१६. नगरपालिका भित्रको अतिक्रमित सरकारी, सार्वजनिक जग्गा, बाटोलाई व्यवस्थापन गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

१७. भ्रष्टाचार बिरुद्ध शून्य सहनशीलताको नीति अबलम्बन गरिने छ।

१८. आयोजनाहरुको प्रभावकारी कार्यान्वयन गर्न प्रथम चौमासिकभित्र सम्झौता गरी चैत्र मसान्तभित्र भुक्तानी गर्ने प्रणालीलाई कार्यान्वयन गरिने छ ।

१९. सेवा प्राप्ति प्रक्रियाका सम्बन्धमा सेवाग्राहीहरुले भोग्दै आएका झन्झट तथा समस्याहरुको गुनासो सुन्ने संयन्त्रको विकास गरी पालिकादेखि वडा कार्यालयसम्म नागरिक वडापत्रको व्यवहारिक कार्यान्वयन गरिने छ ।

२०. सामाजिक सुरक्षा भत्ता गाउँटोल मै नगद भुक्तानी शिविर सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।

२१. नगरभित्र कार्यान्वयन हुने सम्पूर्ण योजना तथा कार्यक्रमहरुको सार्वजनिक सुनुवाई तथा समिक्षा गर्ने कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ।

२२. सामाजिक सरक्षा लाभग्राहिहरुलाई राष्ट्रिय परिचय पत्र बायोमेट्रिक भेरिफिकेशन माध्यम बाट भत्ता नविकरण कार्यलाई अनिवार्य गरिने छ।

२३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन LISA तथा स्थानीय तह वित्तीय सुशासन तथा जोखिम मूल्याङ्कनको FRA बारेमा जनप्रतिनिधि तथा कर्मचारीलाई अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम संचालन गरिने छ।

२४. पालिका स्तरबाट र सहयोगि निकायहरुवाट संचालन हुने बिभिन्न कार्यक्रमहरुमा मानब अधिकार संरक्षण तथा प्रबर्धन सम्बन्धिका कार्यहरुलाई जोड दिईने छ ।

२५. बुढीनन्दा नगरपालिका वडा नं. १ देखी १० वडा सम्म टोल बिकास समुह सबलिकरण कार्यक्रम सहकर्मी समाज संगको साझेदारीमा संचालन गरिनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## २५. महिला बालबालिका तथा जेष्ठ नागरिक नीतिः

१. महिला माथि हुने सबै प्रकारका भेदभाव, शोषण, दमन, अन्याय, अत्याचारका बिरुद्ध महिला जागरण तथा सशक्तिकरण कार्यक्रम सञ्चालन गरिने छ।

२. नगरपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा विद्यालय स्तरीय वाल क्लव गठन तथा वडा र नगर स्तरिय वाल क्लब संजालहरुलाई गठन/पुनर्गठन गरी संचालन गरिने छ ।

३. **"बालबालिकामा लगानी,सुनिश्चित भविष्यको थालनी"** भन्ने भनाई लाई आत्मसात गर्दै नगर स्तरिय बाल संरक्षण समिती गठन गरी नगर स्तरमा बाल अधिकार तथा संरक्षणका लागि आवश्यक नीति बनाई कार्यान्वयन गरिने छ ।

४. पालिका भरिका किशोरीहरुलाई सहभागी गराई पालिका स्तरमा **"नगर किशोरी भेला २०८२"** कार्यक्रम संचालन गरी नगर स्तरिय किशोरी संजाल गठन गरी परिचालन गरिने छ ।

५. **"सानै छु बढ्न देऊ, बालबिवाह होईन पढ्न देऊ"** अभियान सञ्चालन गरिने छ ।

६. **"हामी बनाउछौ महिला तथा बालबालिका मैत्री नगर"** भन्ने भनाइ लाई आत्मसात गर्दै प्राथमिक स्वास्थ्य उपचार, सम्बन्धित निकायमा कानुनी परामर्श सहयोग, मनोसामाजिक मनोविमर्श सेवा, अनौपचारिक तथा व्यवहारिक शिक्षा, आवश्यकता अनुसार अन्य सेवाका लागि समन्वय र पारिवारिक पुनर्मिलन गराउने सेवा सहितको **Safe House** स्थापना गरि सेवा तथा परार्मश प्रदान गरिने छ ।

७. बुढीनन्दा नगरपालिकाको ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण, सम्बर्द्धन तथा जेष्ठनागरीक हरुलाइ मनोरन्जन, पारिवारिक वातावरणमा जेष्ठ नागरिकमा रहेका ज्ञान सिप र अनुभवलाई अन्तर पुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरि नगर स्तरमा सुविधा सम्पन्न जेष्ठनागरिक मिलन केन्द्र संचालन गर्नका लागि पहल गरिने छ ।

## १२.विपद व्यवस्थापन सम्बन्धी नीतिः

१. विपद प्रतिकार्य योजना निर्माण गर्न र समयानुकूल संशोधन गर्न सहयोगी निकायहरुसंगको सहकार्यलाई सुदृढीकरण, विपद व्यवस्थापनका लागि विद्यालय स्तर, वडा स्तर र नगरपालिकाको विपद प्रतिकार्य योजना निर्माण र उद्धार अभ्यास कार्यक्रमहरु निरन्तर संचालन गर्दै जोखिम मुक्त नगरपालिका बनाउने अभियान संचालन गरिने छ।

२. विपद व्यवस्थापनका लागि नगरपालिकामा आवश्यक बजेट व्यवस्थापन सहितको विपद व्यवस्थापन कोष स्थापना गरिने छ ।

३. विपद जोखिम क्षेत्रका बस्तिहरुलाई पुनःस्थापना तथा बस्ती स्थानान्तरणका लागि आवश्यक पहल गरिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

४. जलवायू परिवर्तन, प्रकोप न्युनिकरणका लागि सरोकारवाला निकाय संग समन्वय गरि जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ ।

**१३. सूचना तथा सञ्चार नीतिः**

१. विद्युतीय शासनको प्रयोगमा जोड दिदै विभिन्न सूचना प्रविधि प्रणाली तथा सफ्टवेयरहरुको स्थापना तथा कर्मचारीहरुको सूचना प्रविधि सम्बन्धि सीप विकास गरी कार्यालयको सेवाहरु सूचना प्रविधिमैत्री बनाई सुशासनको प्रत्याभूति गराइने छ।

२. यही आ.ब.२०८२/०८३ मा बुढीनन्दा नगरपालिका भित्र NT Fiber Net जडान कार्य सम्पन्न गरी बुढीनन्दा नगरपालिकामा सहज ढङ्गले ईन्टरनेट सेवा प्रदान गरीनेछ ।

३. वेबसाइट, ग्रुप एस.एम.एस., डिजिटल सूचना पाटी, मल्टिमिडीया, सामाजिक संजाल लगायतका माध्यमहरु प्रयोग गरेर सूचना प्रवाहलाई प्रभावकारी बनाइने छ ।

४. रेडियो कार्यक्रम बुढीनन्दा सरोकार लाइ थप संशोधन गरी कार्यक्रमका नयाँ रुपरेखा तयार गरी नियमित संचालन लाइ निरन्तरता दिईनेछ ।

५. सामाजिक सुरक्षा लाभग्राहीको दर्ता तथा नविकरणका लागी पालिकाको केन्द्र सहित १० वटै वडा कार्यालयबाट बायोमेट्रीक डिजिटाइजेशन डिभाइस व्यवस्थापन गरी वडा कार्यालयबाट सेवा प्रवाह गरिने छ ।

**सभामा उपस्थित नगर उप-प्रमुख तथा नगरसभाका सदस्यज्यूहरु,**

बुढीनन्दा नगरपालिकाको आर्थिक,सामाजिक,भौतिक र साँस्कृतिक क्षेत्रहरुको समतामूलक विकासका लागि **"सुखी जनताः समृद्ध बुढीनन्दा"** को आकांक्षा पूरा गर्ने अठोटका साथ आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु । आर्थिक पारदर्शीता र सुशासन कायम गराएको खण्डमा नगरको विकास र समृद्धिको सपना पूरा हुने र नीति कार्यक्रमको प्रभावकारी कार्यान्वनका लागि सबैक्षेत्रबाट योगदान हुनेछ भन्ने विश्वास लिएको छु ।

बुढीनन्दा नगरपालिकाको समग्र विकासका लागि सुझाव सल्लाह दिनुहुने सम्पूर्ण राजनितिक दलहरु, जनप्रतिनिधिहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, शिक्षकहरु, निजीक्षेत्र, नागरिक समाज, गैर-सरकारी संघसंस्था, सुरक्षाकर्मी एबम् संचारजगतका सम्पूर्ण सहयोगी र बुढीनन्दा नगरपालिकाका सम्पूर्ण आमा-बुवा, दाजु-भाइ, दिदी-बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

बुढीनन्दा नगरपालिकाका सम्पूर्ण जनताहरुको सुस्वास्थ एवं दिर्घायु सहित समृद्धिको कामना व्यक्त गर्दै बिदा हुन्छु ।

(धन्यवाद)

नि. प्रमुख प्रशासकीय अधिकृत